# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, **Central Office**

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० असोज ७ गते

## तत्काल अपहरणमुक्त गर

बारा जिल्लाको निजगढ निवासी पशुस्वास्थ्यसम्बन्धी व्यवसायी भगवान बडाललाई अज्ञात समूहले अपहरण गरी बेपत्ता बनाएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

आयोगमा परेको उजुरीमा उल्लिखित विवरणअनुसार २०७० साल भदौ ३१ गते एक अज्ञात समूहले अपरहण गरी उहाँलाई बेपत्ता बनाएको छ । हालसम्म उहाँको अवस्था अज्ञात छ ।

भगवान बडाललाई तत्कालै सकुशल अपहरणमुक्त गराउन आवश्यक पहल गर्न आयोग नेपाल सरकार, नागरिक समाज र मानव अधिकारकर्मीहरूसँग आग्रह गर्दछ । साथै, स्वतन्त्रतापूर्वक एवम् भयरहित वातावरणमा बाँच्न पाउने नागरिकको नैसर्गिक अधिकारको सम्मान गर्न पनि आयोग सम्वद्ध सबै पक्षसँग आग्रह गर्दछ ।

(वेदप्रसाद भट्टराई)
कामु सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org